छ ।

# कमल राजपत्र

## कमल गाउँपालिका

## गाउँकार्यपालिकाद्वारा प्रकाशित

मिति २०८१।०१।०६

## भाग:२

**कमल गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८(दोस्रो संशोधन २०८०)**

**कमल गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम कार्यपालिकाले बनाएको यो कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## कमल गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८(दोस्रो संशोधन २०८०)

(क) परिच्छेद-२ को बैठक भत्ता सम्बन्धि व्यवस्थामा रहेको दफा ४ को बैठक खर्च सम्बन्धि व्यवस्था को उपदफा १ मा देहाय बमोजिमको व्यवस्था गर्नुपर्ने।

१. अध्यक्ष/ उपाध्यक्षको अध्यक्षतामा हुने बैठकमा प्रति बैठक **रु एक हजार(१०००/-)** ,

२. अन्य पदाधिकारी वा कर्मचारीको अध्यक्षतामा हुने बैठकमा प्रति बैठक **रु एक हजार (१०००/-),**

(ख)परिच्छेद-६ को सञ्चार, पोशाक, प्रोत्साहन भत्ता सम्बन्धि व्यवस्थामा रहेको दफा १२ को पत्रपत्रिका तथा सञ्चार सुविधा सम्बन्धि व्यवस्था को उपदफा २ मा देहाय बमोजिमको व्यवस्था गर्नुपर्ने।

१. प्रमुख प्रशासकीय अधिकृतलाई मासिक **दुई हजार रुपैयाँमा** नबढाई सञ्चार सुविधा वापतको रकम वा मोबाइल रिचार्जको सुविधा उपलब्ध गराइनेछ।

(ग) परिच्छेद-६ को सञ्चार, पोशाक, प्रोत्साहन भत्ता सम्बन्धि व्यवस्थामा रहेको दफा १३ को पोशाक भत्ता सम्बन्धि व्यवस्थामा देहाय बमोजिमको व्यवस्था गर्नुपर्ने।

१. स्थानीय तहका कर्मचारीलाई प्रत्येक वर्षको चैत्र महिनामा पोशाक भत्ता वापत नेपाल सरकारका कर्मचारीले पाए सरहको रकम उपलब्ध गराइनेछ।

२. स्थानीय तहमा कार्यरत करार कर्मचारीहरूको पोशाक भत्ता करार सम्झैतामा तोकिए बमोजिम कम्तीमा **छ महिना** व्यतति भएपछि स्थानीय तहका कर्मचारीले पाए सरहको रकम उपलब्ध गराइनेछ।

(घ) परिच्छेद-७ को तालिम/गोष्ठि/सेमिनार/कार्यशाला सम्बन्धी व्यवस्थामा रहेको दफा १४ को तालिम/गोष्ठि/सेमिनार सम्बन्धि व्यवस्थाको उपदफा २ मा देहाय बमोजिमको व्यवस्था गर्नुपर्ने।

१. तालिम/गोष्ठि/सेमिनार/कार्यशाला जस्ता कार्यक्रममा पानी तथा खाजाको लागि यस स्थानीय क्षेत्रभित्रमा प्रतिव्यक्ति प्रतिदिन बढीमा **दुई सय रुपैयाँ** र यस स्थानीय क्षेत्र भन्दा बाह्य क्षेत्रमा बढीमा **तीनसय पचास रुपैयाँ** र खाना खुवाउनुपर्ने अवस्था भए खानावापत स्थानीय क्षेत्रमा बढीमा **रू. चार सय रुपैयाँ** र बाह्य क्षेत्रमा **पाँच सय रुपैयाँ** सम्म खर्च गर्न सकिनेछ।

२. कार्यक्रममा सहभागीहरुका लागि तालिम/गोष्ठी मसलन्द वापत **सात** कार्य दिन सम्मको लागि प्रति सहभागी बढीमा **रु.दूई सय रुपैयाँको** तालिम/गोष्ठी मसलन्द सामाग्री खरिद गरी उपलब्ध गराउन सकिनेछ।

(ङ) परिच्छेद-८ को पानी, बिजुली, टेलिफोन तथा घरभाडा सम्बन्धि व्यवस्थामा रहेको दफा १५ को पानी, बिजुली, टेलिफोन तथा घरभाडा सम्बन्धि व्यवस्थाको उपदफा ४ मा देहाय बमोजिमको व्यवस्था गर्नुपर्ने।

१. तोकिएको कर्मचारीको आवास सुविधा र कार्यालय प्रयोजनका लागि बाहेक घरभाडामा लिइने छैन । कार्यालयमा उपलब्ध स्थानले नपुग हुने अवस्थामा कारणसहित कार्यपालिकाको निर्णयबाट तोकिएको कर्मचारीको आवास सुविधा र कार्यालयको कामको लागि घरभाडामा लिनु पर्नेछ।

(च) परिच्छेद-१० विविध सम्बन्धी व्यवस्थामा रहेको दफा १८ को निजी सचिवालयसम्बन्धी व्यवस्थाको उपदफा १ मा देहाय बमोजिमको व्यवस्था गर्नुपर्ने।

१. अध्यक्ष / उपाध्यक्षको निजी सचिवालयमा सहयोगी व्यवस्थापन गर्न वढीमा गाउँपालिकाको अध्यक्षाका लागि **पच्चीस हजार रुपैयाँ (रु. २५,०००/-)** मासिक खर्च र उपाध्यक्षको लागि **पच्चीस हजार रुपैयाँ(रु. २५,०००/-)** मासिक खर्च गर्न सकिने छ उक्त रकम एकमुष्ठ रकम उपलब्ध गराउने वा निजी सचिवालयको लागि कर्मचारी राख्नेमध्ये कुनै एक तरिकाबाट मात्र खर्च गर्न सकिनेछ।

**आज्ञाले,**

**राजकुमार शाक्य**

**प्रमुख प्रशासकीय अधिकृत**

कमल प्रकाशन